# भूमिकास्थान नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
नुवाकोट, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३
चलानी नम्बर : १८०

Website: bhumikasthanmun.gov.np
E-mail: bhumikasthanmunicipality@gmail.com

मिति: २०८२/०५/१८

विषय: रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।

श्री जो जससँग सम्बन्धित छ ।

अर्घाखाँची जिल्ला भूमिकास्थान नगरपालिका अन्तर्गत श्री कालिका आधारभुत विद्यालय, भूमिकास्थान नगरपालिका वडा न ७ मा रिक्त रहेको प्राथमिक तह तृतीय श्रेणीको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.नं.१७, मिति २०८२/०५/१७ गतेको पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तहको योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाईको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

पुनश्चः

१.तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगाना kalikabasic47@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ ।

२. म्याद नाघी वा तोकिए बमोजिम रीत नपुगी प्राप्त आएका निवेदन माथि कुनै कारवाही हुने छैन् ।

नोटः दरखास्त पेश गर्ने अन्तिम म्यादको दिन सार्वजनिक विदा परेमा सार्वजनिक विदापछि विद्यालय खुलेको दिन विद्यालय समयभित्र दरखास्त पेश गर्न सकिनेछ ।

..................
जग्दिश चन्द्र नेपाली
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**

श्री शिक्षा विकास तथा समन्वय इकाई, अर्घाखाँची ।

श्री कालिका आधारभुत विद्यालय, भूमिकास्थान नगरपालिका वडा न ७, अर्घाखाँची ।